# नेपाल गजेट
## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र १८ गते २०१६ साल

**श्री ५ को सरकार**

**राष्ट्रिय निर्देशन मन्त्रालय**

### प्रचार तथा प्रसार विभागको
### सूचना

यस विभागका सेक्शन अफिसर श्रीसिद्धिशाह अध्ययन बिदा लिई संयुक्त राज्य अमेरिका जानुभएकोले बिदाबाट फर्कि नआएसम्म निजको अनुपस्थितिमा सो पदमा काम गर्न निजामती सेवा नियमावली, २०१३ (समय समयमा भएका संशोधनहरू सहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ग) ले दिएको अधिकार प्रयोगगरी तल सहिछाप गर्ने अधिकारीले, मिति ०१७।४।२० देखि यसै विभागका सहायक सम्पादक श्रीगोविन्दप्रसाद पौड्याललाई कायम मुकायम मुकरर गरेको छ ।

नारायणप्रसाद वांसकोटा,
डाइरेक्टर
राष्ट्रिय निर्देशन मन्त्रालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

245

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकृत मुद्रण. विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 2240